नेपाल सरकार

# संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सूचना तथा बिद्युतीय शासन शाखा

पत्र संख्या:- २०७३।७४
चलानी नं:-४१

फोन:- ०१-४२००३०९

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७३।८।२१

श्री सबै महाशाखा प्रमुखहरु / विभागीय प्रमुखहरु

विषय : निर्देशन सम्बन्धमा

यस मन्त्रालयमा मिति २०७३/ ८/१६ गते माननीय मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यूको समुपस्थितिमा सबै महाशाखा प्रमुख/विभागीय प्रमुख/ शाखा प्रमुखहरुको बैठकमा माननीय मन्त्रीज्यूबाट प्राप्त निम्नानुसारको निर्देशनलाई उच्च प्राथमिकतामा राखी कार्यसम्पादन गर्न हुन निर्देशानुसार अनुरोध छ ।

क) सबै महाशाखा तथा विभागीय प्रमुखले आफ्न जिम्मेवारीभित्र पर्ने कार्य गर्ने र गराउने ।

ख) विश्वमा चलेका अन्तर्राष्ट्रिय अभ्यासहरु पहिचान गरी असल अभ्यासहरुलाई नीति निर्माण गर्दा प्राथमिकता दिने ।

ग) मुलूक संघीयतामा गइसकेकोले नीति/कार्यक्रम/योजनाहरु निर्माण गर्दा सबै प्रदेशहरुलाई समानुपातिक सिद्धान्त अनुसार कार्यक्रम निर्माण तथा बजेट विनियोजनमा ध्यान दिने ।

घ) यस मन्त्रालय, विभाग तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिएका सेवा तथा कानूनको परिपालन भए नभएको अनुगमन गर्ने ।

ङ) यस मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको अबस्था विश्लेषण गरी सघन अनुगमनलाई तिब्रता दिने ।

च) मुलूकको हाल पाचँवटा प्राथमिकता (संविधान कार्यान्वयन, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्याउने, भूकम्प पछिको पुनर्निर्माण, समावेशी आर्थिक विकास, सुशासन प्रर्वद्धन) भएको हुँदा सो विषयलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने र गराउने ।

छ) मन्त्रालयबाट सरुवा भएका कर्मचारीहरु तोकिएको कार्यालयमा हाजिर हुन गए/नगएको अनुगमन गरी नजाने कर्मचारीहरुलाई कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

ज) मन्त्रालयको अभिलेख ब्यबस्थापन प्रणाली ज्यादै कमजोर भएकोले अभिलेख प्रणालीलाई प्रभावकारी बनाउने ।